स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता प्रदीप खड्काको नयाँ फिल्म 'एक्लो'मा बेलायती अभिनेता जेमी बेकनले पनि अभिनय गर्ने भएका छन् । लोकप्रिय अंग्रेजी अनलाइन डेडलाइनले फिल्ममा जेमी अनुबन्धित भएको उल्लेख गरेको छ । उनी आफैंले पनि यो समाचारको 'स्क्रिनसट' आफ्नो इन्स्टाग्राममा पोस्ट्याएका छन् । उनी नेटफ्लिक्स सिरिज 'व्हाइट लाइन्स' र फिल्म 'ब्राइटन'मा गरेको अभिनयका कारण चिनिन्छन् । जेमी स्क्रिप्ट राइटर समेत हुन् ।

**आजको विचार...**



बौद्ध...
(दुई पेजमा)

पुष्कर अथक रेग्मी

पूर्व प्रेम जोडी हुन्, सौगात मल्ल र सृष्टि श्रेष्ठ । करिब ५ वर्ष उनीहरु प्रेम सम्बन्धमा थिए । त्यसबेला चर्चा के पनि चलेको थियो भने उनीहरु लिभिङ टुगेदरमा बस्दै आएका थिए । विवाहको योजनामा समेत थिए । तर, २०७९ सालमा उनीहरुले प्रेम सम्बन्धलाई नै टुंग्याउने निर्णय गर । नेपाली फिल्म क्षेत्रमा उदाहरणको रुपमा लिइने यो प्रेम जोडीको ब्रेकअपले धेरैलाई आश्चर्यमा पारेको थियो । उनीहरुले 'पोइ पर्‍यो काले', 'द सेक्रेट अफ राधा', 'द रेड सुटकेस' जस्ता फिल्ममा काम गरेका थिए ।



❐ वर्ष २९ ❐ अंक २९३ ❐ २०८१ जेठ १० गते बिहीबार 23 May 2024, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# योजनामा बेथिति : व्यर्थमै ३८ लाख बजेटमा ह्युम पाइप विछ्याउँदै

## सडक नै बन्द गरेर काम गर्दा सर्वसाधारणलाई सास्ती

**भरत शर्मा/रामचन्द्र रायमाझी**

पाल्पा जेठ ९/जिल्लाको तानसेन नगरपालिका-६ लहरेपिपलस्थित सडकमा ह्युम पाइप विछ्याउने काम भइरहेको छ । संघीय सरकारको योजना अन्तर्गत त्रिभुवन बहुमुखी क्याम्पस नजिकै रहेको मुख्य सडकको ९० मिटर लम्बाईमा ह्युम पाइप विछ्याउन लागिएको हो ।

करिब ३८ लाखको लागतमा सडकको बिच भागमा जेठ ४ गतेदेखि सडक नै बन्द गरेर पाइप विछ्याउने काम धमाधम भइरहेको छ । यद्यपी ढललाई व्यवस्थापन गर्न पाइप राख्न लागिएको भनिए पनि उक्त ठाउँ कुनै पनि हिसावले उपयुक्त देखिदैन । जहाँ पाइप विछ्याउन थालिएको हो उक्त क्षेत्रमा ३/४ घर छन् । त्यहाँ यस अघि नै ढलको व्यवस्थापन गरिएका थियो । आवश्यकता नै नभएको ठाउँमा जथाभवी संघीय योजना खर्चेको भन्दै स्थानीय नै असन्तुष्ट बनेका छन् । उक्त ठाउँमा केही व्यक्तिको स्वार्थका कारण केन्द्रीय



बजेट परेको स्रोतले जनाएको छ । केन्द्रमा पहुँज भएका व्यक्तिले आफ्नो स्वार्थका लागि उक्त ठाउँमा ह्युम पाइप राख्न बजेट पारे पनि अन्तत: उनैले चाहे अनुसारको ठाउँसम्म ह्युम पाइप नपुग्ने निश्चित भएको छ ।

ठेक्का सम्झौता अनुसार ९० मिटर सडकमा मात्र पाइप विछ्याउने भनिएकाले ति व्यक्तिले चाहेको ठाउँसम्म नै नपुग्ने भएको हो । उक्त योजनाले नत त्यहाँका स्थानीयलाई समेटन सक्यो न त लक्षित व्यक्तिको चाहान नै पुरा हुने भयो । जसले गर्दा उक्त योजनामा व्यर्थमै बजेट खर्च हुने भएको छ । सहरी विकास तथा भवन निर्माण विभाग संघीय आयोजना अन्तर्गत सिभिल कन्ट्रक्सन प्रालि विदुर नुवाकोटले निर्माण कार्यको जिम्मा पाएको छ । उसले ९० मिटर लम्बाईको ह्युम पाइप राखि ढलान गर्नका लागि ३७ लाख ९१ हजार ५ सय ८१ भ्याट (बाहेक) लागतमा काम गरिरहेको हो । पाइप विछ्याइ ढलान गर्ने मात्र स्टमेट भएकाले यसको निकासको काम आफुहरुले नगर्ने निर्माण व्यवसायी सचिन्द्र लामिछाने बताए । ढल व्यवस्थापनको काम स्थानीय सरकारले नै गर्न सक्ने भए पनि समस्याको पहिचान नै नगरी व्यर्थमै केन्द्रीय योजना ल्याएर जनतालाई अनावश्यक दुख दिने काम भएको स्थानीयको आरोप छ । तानसेन नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठले भने यस विषयमा आफुलाई केही जानकारी नभएको बताए । उनले भने 'केन्द्रीय योजना भएकाले यस विषयमा मैले केही भनिन् , हामीसँगै योजना बाहेक बाँकी काम गर्न यसवर्ष बजेट नभएकाले यस्ता काम गर्न सकिएको छैन ।' सम्झौता अनुसार उक्त काम आषाढ १६ गतेसम्म सक्ने गरी निर्माण कार्य अगाडि बढे पनि त्यसको औचित्यको बारेमा स्थानीयले आपत्ति जनाएका छन् । उनीहरुले आवश्यकता नै नभएको ठाउँमा अनावश्यक बजेट खर्च गरेको बताएका छन् । उक्त पाइप विछ्याउनको लागि भन्दै जेठ २० सम्म सडक बन्द गराएर सर्वसाधारणलाई व्यर्थमै दु:ख दिएको स्थानीय रामलाल श्रेष्ठले बताए ।

सडक भत्काएर बिचबाटै ह्युम पाइप राख्ने काम भएकाले दैनिक सयौं यात्रुहरु समस्यामा पर्ने गरेका छन् । आर्थिक वर्षको अन्तमा बजेट सक्नकै लागि गरिएको कामले यात्रुले सास्ती खेप्नु परेको छ । यही सडक हुँदै तानसेन, गुल्मी, अर्घाखाँची, बाग्लुङ जाने सयौं सवारी साधन प्रभावित बनेका छन् । स्कूल बस, खानेपानीको ट्याङकर र फोहर फाल्ने जस्ता अत्यावश्यकका सवारी साधनहरु समेत समस्यामा परेको स्थानीय शोभाकर ढुङगनाले बताए । आफ्नो घर अगाडि माटोको थुप्रो राखेका कारण काम नै बन्द गर्नु परेको ग्यारेज सञ्चालन गर्दै आएका अनिल खातिले बताए । उनले भने 'जथाभावी रुपमा भएको निर्माणले काम नै बन्द हुँदा सयौं मजदुरको रोजीरोटीमा असर परेको छ ।'

## संक्षिप्त समाचार

### कैलाश सिरोहिया तीन दिन हिरासतमा




**काण्माडौं,** जेठ ९/कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई जिल्ला अदालत धनुषाले हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको छ । बुधबार अदालतमा पेश भएका सिरोहियालाई तीन दिनको म्याद थप गर्न अनुमति दिएको हो ।

नागरिकतासम्बन्धी मुद्दामा मंगलबार साँझ काठमाडौंको कार्यालयबाटै पक्राउ गरेर धनुषा ल्याइएका सिरोहियालाई जिल्ला अदालतका न्यायाधीश चुडामन खड्काको इजलासले तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न आदेश दिएको हो । प्रहरीले सिरोहियालाई १० दिन हिरासतमा लिएर अनुसन्धान गर्ने समय माग गरेको थियो ।

# आज बुद्ध जयन्ती मनाइँदै

**पाल्पा,** जेठ ९/वैशाख शुक्ल पूर्णिमाका दिन आज देशभर २५६८ औं बुद्ध जयन्ती भगवान् बुद्धप्रति आस्था प्रकट गरी मनाइँदैछ । भगवान् विष्णुको नवौं अवतारका रुपमा जन्म लिएका सिद्धार्थ गौतम बुद्धको पूजा आराधना, प्रवचन गरी जयन्ती मनाउन लागिएको हो ।

सिद्धार्थ गौतमले विश्व शान्ति स्थापनाका लागि पुर्‍याएको योगदानको स्मरणस्वरुप यो पर्व मनाउने गरिन्छ । बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण 'मुत्य' हरेक वर्ष वैशाख शुक्ल पूर्णिमाकै तिथिमा पर्ने गर्दछ। पूर्णिमामा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्धजयन्ती मनाउने गर्दछन् । राजा शुद्धोधन र रानी मायादेवीको सुपुत्रका रुपमा जन्मिएका सिद्धार्थ गौतम २९ वर्षको उमेरमा घरबार र दरबार त्यागी ज्ञानको खोजीमा लागेका थिए । छ वर्षको तपस्यापछि ३५ वर्षको उमेरमा इसापूर्व



५२८ मा भारतको बौद्धगयामा वैशाख शुक्ल पूर्णिमाकै दिन सिद्धार्थ गौतमलाई बुद्धत्व प्राप्ति भएपछि भगवान् बुद्धका रुपमा उनले विश्व प्रसिद्धि पाए । ३६ वर्षको उमेरमा सारनाथमा उनले पहिलोपटक पाँचजना शिष्यलाई प्रवचन दिई बौद्ध दर्शनको खोज-अनुसन्धानमा लागेका थिए । बुद्धले बुद्धत्व 'ज्ञान' प्राप्त गरेको मुख्य कुरा चार आर्य सत्य रहेको उल्लेख गरिएको छ ।

जन्म, व्याधि, जरा र मृत्युका चार सत्यलाई बुद्धले व्याख्या गरेका छन् । 'भव तृष्णा, विभव तृष्णा र काम तृष्णाका कारणले दु:खको उत्पत्ति हुन्छ, त्यसको निरोधका लागि निर्वाण प्राप्त गर्नुपर्छ, दु:खलाई नाश गर्न तृष्णा क्षय गर्ने आठवटा मार्ग समेत बुद्धले सबैलाई ज्ञान दिएका छन् । यसलाई बुद्धले दिएको आर्य अष्टाङ्गिक मार्ग र पञ्चशीलको उपदेश पनि भनिन्छ । आर्य अष्टाङ्गिक मार्गमा सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वचन, सम्यक कर्म, सम्यक जीविका, सम्यक व्यायाम, सम्यक स्मृति,सम्यक समाधि पर्दछन् । यसैगरी पञ्चशीलमा चोरी नगर्नु, झुटो नबोल्नु, यौन व्यभिचार नगर्नु, मद्यपान नगर्नु र हिंसा नगर्नु रहेका छन् ।

मानव समुदायका लागि आवश्यक यी उपदेश दिएकैले बुद्धलाई एसियाका तारा उपाधिले पनि सम्मान प्रकट गरिन्छ । हिन्दूदर्शनले बुद्धलाई विष्णु भगवान्को नवौं अवतार मान्दछ । यसैकारण हिन्दू र बौद्ध दुवै धर्मावलम्बीले बुद्धलाई पूजा गरी बुद्ध जयन्ती मनाउँछन् ।

**संक्रामक रोगबाट बचौं र बचाऔं ।**

गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजा लगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन् ।

त्यसैले

- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खानेकुरा नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## बुद्ध जयन्ती र यसको सार्थकता

शान्तिका अग्रदूत गौतम बुद्धको २५ सय ६८ औं जन्म जयन्ती हो आज । गौतम बुद्धको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाण प्राप्ति पनि वैशाख शुक्ल पूर्णिमाकै दिन भएकाले यस दिनलाई बौद्ध धर्मावलम्बीले त्रिसंयोग दिवसका नामले महत्वपूर्ण दिनका रुपमा लिने गर्छन् । नेपालमा जन्मिएर विश्वभर शान्तिको सन्देश फैलाएका बुद्ध आम नेपालीका गौरवमय व्यक्ति हुन् । उनको जति महिमा अरूको गाइँदैन । बुद्ध श्वेत केतु बोधितत्वका अवतार हुन् । उनलाई भगवानकै अवतारको रुपमा हेरिन्छ । धर्म दर्शनका एक प्रतीक हुन् उनी । उज्ज्वल तारामध्ये एक मानिने बुद्ध राष्ट्रिय विभूति पनि हुन् ।

भगवान विष्णुको नवौं अवतारका रुपमा जन्म लिएका गौतमले विश्व शान्ति स्थापनाका लागि पुर्‍याएको योगदानको स्मरणस्वरुप बुद्ध जयन्ती मनाउने गरिन्छ । तर अहिले विश्व अशान्त छ । त्यसको सन्तापले आक्रान्त छ । कतै जातीय युद्ध भइरहेको छ, कतै धार्मिक युद्ध । कतै को भन्दा को शक्तिशाली भन्ने युद्ध भइरहेको छ । यी सबै युद्धले मानव सभ्यताको विकास होइन, विनाश गर्छ । तर यो कुरा विश्वका शक्तिशाली मुलुकका शासक, प्रशासकले किन बुझ्न कन्जुस्याइँ गरिरहेका छन् ? उनीहरूको दिमागभित्र कसरी विश्व जगतमा आफ्नो साम्राज्य फैलाउने भन्ने कुरा सवार छ । यसले विश्व मानव समुदायमा कलहको बीजमात्र रोप्दैन, यसको कारण विश्व अशान्तिमय बन्दैछ । यस्तो अवस्थामा गौतम बुद्धको शिक्षा महत्वपूर्ण हुने गर्दछ । गौतम बुद्धको उपदेश वा सन्देशको कोही कसैले पनि अनुसरण नगर्दा यस्तो अवस्था आएको हो । जसको परिणाम मुलुकमा सधैं अशान्ति, राजनीतिक अस्थिरता सिर्जना हुने गरेको छ । यो अत्यन्त दुःखको कुरा हो । आज नेपालीले नेपाल बुद्ध जन्मिएको शान्तिभूमि हो भनेर गर्व गर्ने कुनै ठाउँ छैन । बुद्धले जतिसुकै शान्तिको पाठ पढाएको भए पनि त्यसको अनुसरण गर्न नसक्दा नेपालीले युद्धको त्रासदी भोग्नु परेको मात्र हैन अपितु त्यसको मूल्य नराम्रोसँग चुकाउनुपर्ने अवस्थाको सिर्जना भएको छ । हत्या, हिंसा, अराजकता, स–साना कुरामा पनि बन्द र हड्ताल गर्ने प्रवृत्तिको विकास, अपहरण आदि दिनहुँ देख्न पाइन्छन् । यो विडम्वनाको कुरा हो । यसो हुनु हुँदैन । शान्त मन र शान्त दिमागलाई सही प्रकारले उपयोग गरेर मात्र उज्यालोको खोजी सम्भव छ भन्ने शान्तिदूतले दिएको दार्शनिक आधार अहिले पनि सान्दर्भिक मात्र नभएर उत्तिकै व्यावहारिक पनि छ । उनको दर्शनलाई पछ्याउन सक्ने हो भने वर्तमान समयमा देखिएका धेरै समस्याहरुको समाधान गर्न नसकिने होइन । यसर्थ बुद्धले दिएको शिक्षा र उपदेशको अनुसरण गर्न सके मात्र हरेक वर्ष मनाइने बुद्ध जयन्तीले सार्थकता प्राप्त गर्न सक्दछ ।

**Opinion @ Social Network**

प्रयास गर्न नछोड्नुहोस,
अर्को पटक सुरुवात शुन्यबाट होईन अनुभवबाट हुनेछ ।
*(मिस्मा रानाको फेसबुकस्टाटस https://www.facebook.com/rana.misma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

सन्दर्भ : बुद्ध जयन्ती

# बौद्ध दर्शन र यसको सार



पुष्कर अथक रेग्मी

**१.शुभारम्भ**
नेपाली भाषामा दर्शन शब्दको शाब्दिक अर्थ-हेर्नु, देख्नु वा जीवन र जगत सम्बन्धी कुराको चिन्तन गर्नु हुन्छ । ज्ञानको स्रोत, विवेकको प्रयोग, मूल्य प्रणालीको आधार, समालोचनात्मक चिन्तन र तर्कको विधाको रूपमा दर्शनलाई व्यापक अर्थमा प्रष्ट्याउन सकिन्छ । महादेशीय दृष्टिले एशियामा विकास भएका दर्शनलाई पूर्वेली दर्शन र यूरोप तथा पश्चिमी मुलुकहरूबाट विकसित दर्शनलाई पाश्चात्य दर्शन भनिन्छ । नेपालको लुम्बिनीमा जन्मेका गौतम बुद्धद्वारा प्रतिपादित बौद्ध दर्शनलाई पनि पूर्वीय दर्शनको मान्यता दिइएको छ । बौद्ध दर्शनको ज्ञान हुनका लागि सर्वप्रथम निम्न दुईवटा दर्शनको सार बुझेको हुनपर्दछ ।

**(क) हिन्दू दर्शन**
हिन्दू दर्शन संसारकै जेठो दर्शन हो । यसको उत्पतिस्थल प्राचीन भारत बर्ष नै हो । भारतबर्ष भन्नाले हालको भारत, नेपाल, पाकिस्तान र बंगलादेश भनि बुझ्नु पर्दछ । हिन्दू दर्शन सनातन , आर्य, धार्मिक, आध्यात्मिक र बैज्ञानिक दर्शन समेत हो । हिन्दू दर्शनको विकास 'श्रुति' र 'स्मृति' बाट भएको हो । हिन्दूहरूको आदिम ग्रन्थ वेद हो । वेदमा आधारित भइ साङ्ख्य , योग, न्याय, वैशेषिक, मीमांश वेदान्त दर्शनको विकास भएको छ । यिनै षटदर्शनको सार नै हिन्दू दर्शनको सार हो । संक्षेपमा भन्नुपर्दा ईश्वरीय तथा भौतिक जगतलाई प्राथमिकता दिई ' सत्यम् शिवम् सुन्दरा' लाई आत्मसात गर्दै जीवनलाई सही र सरल मार्गमा अगाडि बढाउदै लैजानु नै हिन्दू दर्शनको सार हो ।

**(ख) चार्वाक दर्शन**
चार्वाक दर्शन पूर्वेली भौतिकवादी दर्शन हो । यसलाई लोकायत दर्शन पनि भनिन्छ । यसले संसार सत्य छ र यो जल वायु आकाश पृथ्वी गरि पाँच तत्वले बनेको छ भन्दछ । यस दर्शनले परलोक वेद ईश्वर आदिलाई मान्दैन । शरिर नै आत्मा हो र शरीर नष्ट भएपछि चेतना पनि संवत: नष्ट हुन्छ भनिएको छ ।

'ऋणम् कृत्वा घृतम् पिवेत' भनी सन्देश दिने यस दर्शनको सर्वोच्च सन्देश सार भन्नुनै 'जबसम्म बाँचिन्छ , सुखसँग बाँच' रहेको छ । उल्लेखित हिन्दू दर्शन र चार्वाक दर्शनको बिचबाट अगाडि बढ्न खोजेको दर्शनलाई बौद्ध दर्शन भनिएको छ । बौद्ध दर्शनको उत्पत्ति महात्मा गौतम बुद्धको उपदेशबाट भएको हो ।

**२. बौद्ध दर्शन**
बौद्ध दर्शनका प्रवर्तक सिद्धार्थ गौतम हुन् । यिनको जन्म लुम्बिनी , ज्ञानप्राप्ति बुद्धगया, धर्मचक्र प्रवर्तन सारनाथ र महापरिनिर्वाण कुशीनगरमा भएको थियो । यी चार संवेजनीय स्थलहरूलाई बौद्ध चारधामको रूपमा मानिदै आएको छ । 'बुद्ध' भनेको व्यक्तिको नाम होइन, जसले बोध गर्ने काम गर्छ, उसलाई बुद्ध भनिन्छ । चतुरार्य सत्य भगवान बुद्धको मूल उपदेश हो । चतु भनेको चार, आर्य भनेको उत्तम, पवित्र र सत्य अर्थात् जहिले पनि सही भइरहने हो । चतुरार्य सत्य भगवान बुद्धको मौलिक उपदेश हो, जो निम्नानुसार रहेका छन् :

**(क) दुःख आर्यसत्य**
पहिलो आर्यसत्य दुख हो । जन्मिनु, रोगी हुनु, इच्छा प्राप्ति नहुनु, वृद्ध हुनु र मर्नु अर्थात् संक्षेपमा पाँच स्कन्धधारी शरीर नै दुःख हो ।

**(ख) दुःख समुदाय आर्यसत्य**
तृष्णा नै दुखको मूल कारण हो । काम तृष्णा, भव तृष्णा (फेरि फेरि जन्म लिने इच्छा) र विभवतृष्णा ( पुनर्जन्ममा विश्वास नगर्ने इच्छा हुनु) नै दुःखको मुख्य तीन कारणहरू हुन् ।

**(ग) दुःख निरोध आर्यसत्य**
तृष्णाको निरोध नै निर्वाण हो । निर्वाण भन्नु नै राग, द्वेष र मोहको निरोध हो । यो दुःखबाट अलग रहेको शान्तिको अवस्था हो, अमृतवस्था हो ।

**(घ) दुःख निरोधगामिनी प्रतिपदा आर्यसत्य**
यसलाई दुख निवारणका आर्य अष्टाङ्गिक मार्ग भनिएको छ । समग्रमा चतुरार्य सत्यलाई यसरी बुझ्न सकिन्छ :- जीवनमा समस्या आउँछ , समस्या उत्पन्न हुनुको कुनै न कुनै कारण अवश्य हुन्छ, समस्या समाधान हुन्छ र समाधानको उचित मार्ग अपनाउनु पर्दछ । बौद्ध दर्शन बुझ्नको लागि आर्य अष्टाङ्गिक मार्ग मनन् गर्नुपर्दछ । आर्य अष्टाङ्गिक मार्ग भनेको दुःखबाट मुक्त हुनका लागि, सुख शान्ति र समृद्धि प्राप्त गर्नाका लागि भगवान बुद्धले देखाएको मार्ग हुन् । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

१.सम्यक वचन ( ठीक बोली)
२. सम्यक कर्मान्त ( ठीक कर्म )
३.सम्यक आजिविका ( ठीक जिविका)
४.सम्यक व्यायाम ( ठीक प्रयत्न )
५.सम्यक स्मृति ( ठीक स्मृति )
६.सम्यक समाधि ( ठीक एकाग्रता )
७.सम्यक दृष्टि ( ठीक धारणा )
८.सम्यक संकल्प ( ठीक विचार )

उल्लेखीत ठीक बोली, ठीक कर्म र ठीक जिविकोपार्जनलाई शील, ठीक प्रयत्न ठीक स्मृति र ठीक एकाग्रतालाई समाधि र ठीक धारणा तथा ठीक विचारलाई प्रज्ञा भनिएको छ । यी मार्गहरूलाई शील समाधि र प्रज्ञा गरी तीन भागमा विभाजन गरिएको छ । सबै प्राणीहरूमा सांसारिक दुःख माया र मोह छ ।

दुखको कारण मृत्यु, मृत्युको कारण जन्म, जन्मको कारण तृष्णा र तृष्णाको कारण अज्ञान हो । दुःख निवारणका लागि उल्लेखित आठ कर्महरू गर्नु पर्दछ भनि भगवान बुद्धले बौद्ध दर्शनमा भनेका छन् । यी आठवटै मार्गको साधना गर्नाले अज्ञान नाश हुन्छ र पूर्ण शान्ति प्राप्ति हुन्छ । पूर्ण शान्तिको अपस्थालाई निर्वाण भनिन्छ । बौद्ध दर्शन अनुसार बुद्ध धर्म र संघको शरणमा गई अफ्ना अफ्ना शील नियमहरूको पालना गरी धर्मको अनुशरण गर्ने व्यक्तिहरूलाई चतुपरिषद भनिन्छ । भिक्षु, भिक्षुणी, उपासक र उपासिका गरि चार प्रकारका व्यक्तिहरूको सामुहिक भेला, बैठक तथा सभालाई चतुपरिषद भनिन्छ । यही चतुरपरिषदका व्यक्तिहरू मिलेर शील , समाधि र प्रज्ञा शिक्षाको व्यापक अनुसरण गर्न गराउन सकेको अवस्थामा मात्र बुद्ध धर्म र बौद्ध दर्शन कालान्तरसम्म समृद्धिकासाथ चिरस्थायी रहिरहनेछ ।

**साधु साधु साधु !**

**(लेखक पाल्पा साहित्य समाजका अध्यक्ष र पाल्पाका स्थापित साहित्यकार समेत हुन् ।)**

*दुखको कारण मृत्यु, मृत्युको कारण जन्म, जन्मको कारण तृष्णा र तृष्णाको कारण अज्ञान हो । दुःख निवारणका लागि उल्लेखित आठ कर्महरू गर्नु पर्दछ भनि भगवान बुद्धले बौद्ध दर्शनमा भनेका छन् । यी आठवटै मार्गको साधना गर्नाले अज्ञान नाश हुन्छ र पूर्ण शान्ति प्राप्ति हुन्छ । पूर्ण शान्तिको अपस्थालाई निर्वाण भनिन्छ । बौद्ध दर्शन अनुसार बुद्ध धर्म र संघको शरणमा गई अफ्ना अफ्ना शील नियमहरूको पालना गरी धर्मको अनुशरण गर्ने व्यक्तिहरूलाई चतुपरिषद भनिन्छ । भिक्षु, भिक्षुणी, उपासक र उपासिका गरि चार प्रकारका व्यक्तिहरूको सामुहिक भेला, बैठक तथा सभालाई चतुपरिषद भनिन्छ । यही चतुरपरिषदका व्यक्तिहरू मिलेर शील , समाधि र प्रज्ञा शिक्षाको व्यापक अनुसरण गर्न गराउन सकेको अवस्थामा मात्र बुद्ध धर्म र बौद्ध दर्शन कालान्तरसम्म समृद्धिकासाथ चिरस्थायी रहिरहनेछ ।*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२११२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : रमाइलो यात्राको सम्भावना छ । रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । | **तुला**: विवादमा राम्रो सफलता मिल्नेछ। सांस्कृतिक सभामा सरिक हुने समय छ । |
| **वृष** : रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । मित्रको साथले आशा पलाउनेछ। | **वृश्चिक** : सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ । तनाव बढेको महसुस हुनेछ। |
| **मिथुन** : नयाँ काम सुरु गर्ने समय छ। चलाखीपूर्ण कार्य सिद्ध हुनसक्छ । | **धनु** : सामाजिक क्षेत्रबाट मानसम्मान मिल्नेछ । अध्यापनको क्षेत्रमा प्रगति हुनेछ। |
| **कर्कट** : कडा परिश्रम व्यर्थै खेर जान सक्छ । वैदेशिक कार्यमा अवरोध हुनेछ । | **मकर** : नयाँ कार्यको थालनी हुनेछ । वैदेशिक क्षेत्रका कार्य अघि बढ्नेछ । |
| **सिंह** : अधिकारको प्रतिस्पर्धामा विजयी भइने छ । साहित्यमा रुचि बढ्नेछ । | **कुम्भ** :न्यायिक कार्यमा सफलता मिल्नेछ। चिताएको कामले तीव्रता लिनेछ । |
| **कन्या** : मानसम्मान पाउने समय छ । यात्राको सम्भावनालाई नकार्न सकिँदैन । | **मीन** : सामान हराउन सक्छ । सहयोग गर्नेहरूले भुक्याउन सक्छन् । |




निबन्ध ● कमल रिजाल

# उपलब्धि



उपलब्धि भनेको काम पूरा भएपछि पाइने फल हो । तपाईंले कुनै काम गर्नुभएको थियो पूरा गर्नुभयो । त्यसपछि जुन प्रतिफल प्राप्त हुन्छ त्यही नै उपलब्धि हो । आउनुस् एक छिन यो कस्तो र कति किसिमको हुन्छ विश्लेषण गरौँ । उपलब्धि अनेक किसिमका हुन्छन् । आत्मिक उपलब्धि, पारमार्थिक उपलब्धि, आध्यात्मिक उपलब्धि, भौतिक उपलब्धि, आर्थिक उपलब्धि, बौद्धिक उपलब्धि, वैचारिक उपलब्धि, शैक्षिक उपलब्धि, प्रशासनिक उपलब्धि, राजनीतिक उपलब्धि, सामाजिक उपलब्धि, सार्वजनिक उपलब्धि, वैधानिक उपलब्धि, अवैधानिक उपलब्धि यस्तैयस्तै । तथापि मूलत: व्यक्तिगत उपलब्धि, सामूहिक उपलब्धि र उभयमुखी उपलब्धि गरी तीन किसिमले अर्थ्याउन सकिन्छ ।

यिनमा राजनीतिक, सामाजिक र सार्वजनिक उपलब्धि सामूहिक उपलब्धिमा पर्छन् भने यस बाहेकका उपलब्धि व्यक्तिगत उपलब्धिमा पर्छन् तर अवैधानिक उपलब्धि भने व्यक्तिगत पनि हुन सक्छ, सामूहिक पनि हुन सक्छ । अत: यस्ता उपलब्धि उभयात्मक उपलब्धिमा पर्न पुग्छन् । यीमध्ये यहाँ व्यक्तिगत उपलब्धिलाई लिइएको छ । यसलाई पनि तपाईं आत्मकेन्द्रित, परकेन्द्रित र तटस्थ गरी तीन किसिमले अर्थ्याउन सक्नुहुन्छ । यीमध्ये आत्मकेन्द्रित उपलब्धि नितान्त व्यक्तिसित सम्बन्धित हुन्छ । जसले मिहिनेत गर्छ उसैले प्रतिफल पाउँछ, जसले पढ्छ उही पास हुन्छ, जसले खेतीपाती गर्छ उसले फसल उमार्छ, जसले पशुपालन गर्छ उसैले दूध, दही, घ्यु र मासु बेचेर पैसा कमाउँछ । मानिलिनुस् तपाईं कुनै बैंकको मालिक हुनुहुन्छ । बैंकले प्रशस्तै पैसा कमायो । वर्षमै करोडौं नाफा गर्‍यो । त्यो पैसा कसको ? तपाईंकै त हो । यद्यपि यसमा धेरै मानिसको योगदान रहेको हुन्छ । धेरैले मिहिनेत गरेका हुन्छन् । कर्मचारीको हुन्छ, मजदुरको हुन्छ, धितो राख्ने सज्जनको हुन्छ, ऋण लिने सज्जनको हुन्छ, साहुको हुन्छ, आसामीको हुन्छ, बचत कर्ताको हुन्छ । उनीहरूको योगदानकै कारण बैंकले नाफा गरेको हो, नाफा कमाएको हो तर समग्रमा त्यसको उपलब्धि तपाईंकै हुन्छ, तपाईंकै मानिन्छ, तपाईंकै ठहर्छ । हुन सक्छ तपाईं व्यापारी हुनुहुन्छ । फुटकर बिक्रेता पनि हुन सक्नुहुन्छ, थोक बिक्रेता पनि । दाल, चामल, चिनी, दलहन, खाद्यान्न, जस्तापाता, स्टिल, सिमेन्ट, छड व्यवसाय जे को पनि हुन सक्छ । तपाईंको व्यापार फस्टायो वर्षकै लाखौं कमाइ भयो, करोडौं कमाइ भयो । यहाँ पनि योगदान सबैको हुन्छ । सबैभन्दा बढी योगदान ग्राहकले दिएका हुन्छन् तर त्यसको फाइदा तपाईंको व्यक्तिगत हुन्छ । कृषक हुनुहुन्छ भने पनि त्यस्तै हो । मल, जल, काम गर्ने मानिस, क्रेता, बिक्रेता सबैको योगदान रहेको हुन्छ तर पनि त्यसको उपलब्धि भने तपाईंको नितान्त व्यक्तिगत हुन्छ । तपाईंले कुखुरा पाल्नुभएको छ भने अरूले अन्डा र मासु किनिदिएर नै तपाईंको व्यापार फस्टाएको हो नि होइन र ? तथापि मूलमा फाइदा भने तपाईंकै भइरहेको हुन्छ । पशुपालन हुनुहुन्छ भने पनि त्यस्तै हो । यसमा पनि अन्य धेरै मानिसको योगदान रहेको हुन्छ ।

घाँस, कुँडो गर्ने मानिसको योगदान होला, उत्पादनलाई बजारसम्म पुर्‍याउने मानिसको योगदान होला, बजारमा खरिदबिक्री गर्ने मानिसको योगदान होला तर उपलब्धि भने तपाईंको नितान्त व्यक्तिगत भइरहेको हुन्छ । यद्यपि व्यापार व्यवसायबाट फाइदा नै हुन्छ भन्ने छैन । यदाकदा घाटा हुन पनि सक्छ, नोक्सान हुन पनि सक्छ तर त्यो पनि उपलब्धि नै हो, तपाईंले व्यापार, व्यवसाय गर्न नजान्दाको उपलब्धि । यसै पनि तपाईंले व्यापार घाटा खानका लागि गर्नुभएको थिएन । नाफा कमाउनकै लागि गर्नुभएको थियो । तपाईंले नजान्दा नै घाटा खानुपरेको हो । व्यापार व्यवसायबाटै घाटा खानुपर्ने हो भने त अरूले पनि खानुपर्ने हो, अरूलाई पनि घाटा हुनुपर्ने हो तर अरूलाई भएन, तपाईंलाई मात्रै भयो भने मान्नुपर्ने हुन्छ तपाईंकै कारण भएको हो, तपाईंकै ढङ्ग नपुगेर भएको हो । विद्यार्थी हुनुहुन्छ भने पनि अवस्था त्यस्तै हो । तपाईं कुशल विद्यार्थी हुनुहुन्थ्यो राम्रोसित परीक्षा उत्तीर्ण गर्नुभयो र राम्रो ठाउँमा जागिर पाउनुभयो तपाईंको भविष्य सप्रियो । यो तपाईंको व्यक्तिगत उपलब्धि हो तर यसमा पनि धेरैको योगदान रहेको हुन्छ । शिक्षकको हुन्छ, विद्यालयको हुन्छ, विद्यालय व्यवस्थापनको हुन्छ, अभिभावकको हुन्छ । किताब, कपी, कम्प्युटरको हुन्छ, तिनका उत्पादक तथा व्यवस्थापकको हुन्छ तर पनि उपलब्धि भने तपाईंकै व्यक्तिगत नै हुन्छ । शिक्षक हुनुहुन्छ भने पनि त्यस्तै हो । तपाईंको उन्नति र प्रगतिमा सबैको योगदान रहेको हुन्छ । विद्यार्थीको हुन्छ, विद्यालयको हुन्छ, व्यवस्थापकको हुन्छ तर उपलब्धि भने व्यक्तिगत हुन्छ, तपाईंको हुन्छ ।

कर्मचारी हुनुहुन्छ भने पनि त्यस्तै हो । सरकारको योगदान छ, कर तिर्ने जनताको योगदान छ, कार्यालयको योगदान छ, स्कुल, क्याम्पसको योगदान छ । शिक्षकहरूको योगदान छ । तब न त्यहाँ पुग्नुभएको हो तर त्यसबाट जे जति उपलब्धि हासिल गर्नुभयो ती सबै तपाईंको व्यक्तिगत भयो । एवंरीतले केलाउँदै जानुभयो भने हरेक क्षेत्रमा यही नियमले काम गरेको पाउनुहुन्छ । त्यस्तै जुन कामबाट अरूलाई फाइदा हुन्छ त्यो परकेन्द्रित उपलब्धि हो । मानौं कसैले कलकारखाना चलाएको छ, उद्योग धन्दा खोलेको छ, व्यापार, व्यवसाय चलाएको छ । यसमा जोजसले सहयोग गरेका हुन्छन् तिनले पाउने फाइदा वा श्रेय नै परकेन्द्रित उपलब्धि हुन् ।

एवंरीतले केलाउँदै जानुभयो भने यहाँ पनि यही नियमले काम गरेको पाउनुहुनेछ । जहाँसम्म तटस्थ उपलब्धिको कुरा छ त्यसको कुरा भने बेग्लै छ । व्यक्ति विशेष, समाज विशेष वा देश विशेषकै कुरा गर्दा पनि प्रत्यक्ष लाभ, हानि केही पनि नहुने उपलब्धिलाई तटस्थ उपलब्धि भनिन्छ । उपलब्धि त हो तर कसैलाई पनि प्रत्यक्ष लाभ नभएका वा नहुने विषय यसमा पर्छन् । यस्ता उपलब्धि सजातीय र विजातीय गरी दुई किसिमका हुन्छन् । एउटै जातिसित सम्बन्धित उपलब्धि सजातीयमा पर्छन् । अर्को जातिसित सम्बन्धित उपलब्धि विजातीयमा पर्छन् । सजातीय उपलब्धि पनि व्यक्तिगत, सामूहिक र अन्तर्देशीय गरी तीन किसिमका हुन्छन् । एवं रीतले केलाउँदै जाने हो भने उपलब्धिका अनेक स्वरूप र किसिम रहेको प्रस्टै अनुभूत गर्न सकिन्छ । *-रातोपाटी डटकम*


## शिक्षक आवश्यकता

***प्रकाशित मिति : २०८१/०२/०८***

प्रस्तुत विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०२/०८ गतेको निर्णय र शिक्षक विकास तथा समन्वय इकाई पाल्पाको मिति २०८१/०२/०७को च.न. १४३४को अनुमति पत्रको आधारमा करार दरवन्दिको प्रा.वि. तहमा अध्ययापन गर्न १(एक) जना शिक्षक आवश्यक परेकोले ईच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

तपशिल

**विज्ञापन नं.** : १/०८१, **पद** : शिक्षक, **संख्या** : १ (एक),
**तह/श्रेणी** : प्रा.वि. तृतीय, **शैक्षिक योग्यता** : आई.ए,आईएड वा सो सरह उर्तिण गरेको, **दरखास्त दस्तुर** : रु.५००/- **उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको,
**तलब स्केल** : नेपाल सरकारको प्रचलित स्केल अनुसार
**दरखास्त दिने अन्तिम मिति** : २०८१/०२/२२ गते (४ बजे सम्म)
**सम्पर्क मिति** : २०८१/०२/२३ गते (४ बजे सम्म),
**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
**परीक्षाको किसिम** : लिखित, अन्तर्वार्ता र आवश्यक परेमा प्रयोगात्मक,
**आवश्यक कागजातहरू** : नागरिकताको प्रमाणपत्र, शिक्षक अध्यापन अनुमति पत्र, निरोगिताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाण पत्रहरु २/२ प्रति फोटोकपि पेश गर्नुपर्नेछ ।
अन्य जानकारीका लागि कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
**सम्पर्क नं.** : ९८४७१६८५९६

श्री सिद्देश्वर आधारभूत विद्यालय
ता.न.पा.-१४, अर्गली, पाल्पा


कथा ● योगेन्द्र तिमिल्सिना

# बाँदर सम्झौता

एक दिन हाँडीघोप्टे गाउँका मानिसहरू गाउँको एउटा अति नै संवेदनशील समस्यामाथि छलफल गर्न वडा कार्यालय अगाडिको चउरमा भेला भए । वडा अध्यक्षको सभापतित्वमा सञ्चालित सो कार्यक्रममा बाँदरको आतङ्क बारे छलफल गरी त्यस समस्यालाई कसरी समाधान गर्ने भन्ने बारे निर्णय लिनुपर्ने थियो ।



गाउँ वरिपरि घना जङ्गल थियो । बाँदरहरू त्यहीं बास बस्थे । उज्यालो हुने बित्तिकै मौका छोपेर उनीहरू रुखबाट ओर्लन्थे र आ-आफ्नो क्षेत्रमा पाइने फलफूल र बालीनालीतर्फ अगाडि बढ्थे । किसानले लगाएको धान, मकै, गहुँ, जौ, सुन्तला, जुनार लगायत विभिन्न बालीहरू बाँदरले सखाप पार्ने गरेकोले नेपाल सरकारसँग त्यसको क्षतिपूर्तिको माग गर्न उनीहरू वडा कार्यालयमा भेला भएका थिए ।

किसानका विभिन्न गुनासाहरू थिए : स्थानीय गाउँलेहरूले छिमेकी गाउँ गएर काम खोजेर पेट पाल्नुपर्ने समस्या आइपरेको बताए भने कतिपय किसानहरूले बाँदरबाट पीडित भई गाउँ नै छोड्नु पर्ने अवस्था आएको बताए । समूह समूहमा भेला भएर टिन ठटाएर, थाल बजाएर र बन्दुक पड्काएर किसानहरूले लखेट्ने गरे पनि बाँदरहरू अग्ला रुख र पोथ्राहरूमा लुकेर बस्ने र मानिस नभएका बखत रुखबाट ओर्लेर खेत, बारीमा पसी बालीनाली नोक्सान पार्थे ।

किसानहरूले यस समस्या बारे कुरा उठाउँदा वडा अध्यक्षले बजेट अपुग भएको कारण दर्शाई बाँदर व्यवस्थापन वा स्थानान्तरणका लागि बजेट छुट्याउन नसकेको बताए । गाउँबासीलाई बाँदरले पुर्‍याएको क्षतिका विषयमा स्थानीय सरकार, प्रदेश सरकार र केन्द्र सरकारले चासो नलिएको गुनासो बाँदर पीडितहरूले गरे । बाँदर पीडित गाउँलेहरूले आफ्नो पुर्खाको चिनोको रूपमा रहेको जग्गा जमिन छाडेर अन्यत्र बसाइसराई जानु पर्ने अवस्था आउँदा समेत सरकारले कान ठाडो नपारेको गुनासो गरे । यस्तै अवस्था रहेमा सबै गाउँलेहरूले आफ्नो पुर्खाको थातथलो छोडेर बिदेसिनु पर्ने अवस्था आएको छ भन्ने भनाइ पनि कतिपय गाउँलेहरूले राखे ।

किसानहरूको चर्को छलफल चलिरहेको समयमा एक हुल बाँदरहरूले वडा कार्यालय घेरे । हेर्दा हेर्दै बडो अनौठो कर्कश आवाज निकाल्दै क्रुद्ध भएर ती बाँदरहरू सभास्थलतर्फ अगाडि बढिरहेका थिए । यस्तो अप्रत्याशित अवस्था देखी एकछिन सबैजना सहभागीहरू किंकर्तव्यविमूढ भए । वडा अध्यक्ष लगायत सबै गाउँलेहरूसँग लौरो समेत थिएन, नि:शस्त्र थिए । खालि हात गाउँलेहरूले त्यहाँ बाँदरहरू विरुद्ध लड्न सक्ने अवस्था नभएपछि सभास्थलमा भागदौड मच्चियो । भागदौडमा कतिपय किसानलाई बाँदरले चिथोरे, कतिपय भुइ“मा लडे र कतिपयले भागेरै ज्यान जोगाए । किसानको सभा बिथोलिए पछि त्यही ठाउँमा बाँदरहरूको बैठक बस्यो । बाँदर नेताहरूले किसानलाई एक्लै खान खोज्ने स्वार्थी सामन्त र दुश्मनको रूपमा व्याख्या गरे । बिहान, बेलुका, दिन र रात नभनी हामीलाई लखेट्ने, दुख्ख दिने, खुट्टा भाँच्ने र मौका परे मारी नै दिने भएकोले सम्पूर्ण किसानहरू हाम्रा शत्रु हुन् भनी उनीहरूले भाषण गरे ।

बाँदरहरू उत्तेजित भई घर घरमा छिर्न थाले । किसानका ससाना झुप्रा भत्काउन थाले, गाउँभित्र पसेर थाँक्राहरूमा चढी मकैका झुत्ता र घोघाहरू मिल्काउन थाले, केटाकेटीहरूलाई लखेट्न थाले, महिलाहरू भागाभाग भए, बुढाबुढीहरु दगुर्न नसकेर भुइँमा ढले, युवाहरूले बाँदरलाई लखेट्न खोजे, तर एकत्रित नभएकाले उनीहरूको केही सीप चलेन । किसानहरूको बिल्लिबाठ भयो । गाउँमा आतङ्ककारी घटनाहरू बढ्दै गएकाले असुरक्षा भएको हुँदा उनीहरूको गाउँमा बस्न सक्ने अवस्था रहेन । त्यसपछि उनीहरूले गाउँ छोडी ज्यान जोगाउने उपाय रोज्न थाले । कोही युवाहरू बिदेसिए, कोही छिमेकी गाउँ र शहरतिर पलायन भए भने कोही चाहिँ तराईतर्फ बसाइँ सरे। यसरी गाउँ रित्तो भयो । मानिसले गाउँ छोडेपछि हुलका हूल बाँदरहरू गाउँभित्र पसी विचरण गर्न थाले । सबैभन्दा बलियो बाँदरले आफूलाई गाउँको राजा घोषणा गर्‍यो र सबै बाँदरहरूलाई आमसभाको निम्ति निम्तो दियो । गाउँको सबैभन्दा ठूलो चउरमा हजारौं बाँदरहरू भेला भए । त्यहाँ राजाले आफ्नो उर्दी सुनायो, सबै बाँदरहरूले आफूले उपभोग गर्ने अन्न र फलफूलको दस प्रतिशत हिस्सा राज्यकोषमा दाखिला गरेर मात्र उपभोग गर्न पाउने नियम बन्यो ।

बाँदर राजाले सुती सुती आफ्नो भाग खान पाउने भयो, बाँकी बाँदरहरू गाउँभित्र पसे र नाचगान गर्न थाले । मानवजातिले निर्माण गरेका सबै सिर्जनाहरू ध्वस्त पार्न थाले । घरभित्रका लत्ताकपडा च्यातच्युत पारे, बाँकी सरसामान छरपस्ट पार्दै बाहिरतर्फ याँके, मकैका घारहरू रित्तिए र ढुकुटीमा थन्क्याएका बँचेकुचेका अन्नपात सबै खाए, छरे । गाउँका फलफूलका बोटहरू उजाड भए । बाँदरले आफ्नो घर पनि बनाउँदैन र अरूलाई पनि बनाउन दिँदैन भने झैँ बाँदरको भिडले भत्काउने मात्र काम गर्‍यो । खेत र बारीहरू बाँझा भए । जताततै भत्केका घर र गोठहरूको भग्नावशेष, झार, रुख र बिरुवाहरू मात्र देखिन थाले । अर्काको पसिनाको कमाइ खाएर बाँचेका बाँदरहरू खान नपाएर दुब्लाउन थाले । केही समयपछि बाँदरहरू गाउँबाट पलायन हुन थाले । बाँदर राजासँग चाहिँ केही अन्नपात मौज्दात भएकोले उ रमिता हेरेर आफ्ना नोकर चाकर सहित रमाएर बसिरह्यो । सबै बाँदरहरूले गाउँ छाडी सकेकाले केही दिनमै राजासँगको अन्नपातको मौज्दात पनि रित्तियो ।

केही महिनापछि पलायन भएका गाउँका युवकहरू गाउँको हालत कस्तो भयो होला भनी हातहतियार सहित आफ्नो सुरक्षाका सामग्री बोकी गाउँतर्फ प्रस्थान गरे । गाउँ बाहिरैबाट चियो गर्दै सावधानीपूर्वक उनीहरू गाउँ प्रवेश गरे । गाउँ सुनसान थियो । उनीहरू अगाडि बढ्दै गए, गाउँ सबै उजाड थियो, न मानिस थिए न त बाँदर । उनीहरू गाउँकै सबैभन्दा ठूलो घरतर्फ अघि बढ्दै गए । त्यहाँ पाँच सातवटा दुब्ला बिमारी जस्ता बाँदरहरू देखिए । मान्छे देख्ने बित्तिकै ती भाग्न निस्के । युवाहरूले बन्दुक तेर्स्याए पछि ती बाँदरहरू एक ठाउँमा जम्मा भएर हात जोड्दै रुन थाले । उनीहरूले याचना गर्न थाले, 'हामीलाई केही नगर, हामी गाउँ छोड्न तयार छौं । हामीलाई एकपटक माफी देऊ । अब उप्रान्त हामी जङ्गलभित्रै बस्छौं । गाउँ पस्दैनौं । कथंकदाचित् हामीले किसानको बालीनाली नोक्सान गर्‍यौं भने हामीलाई दण्डित गर्नुहोस्, हामी सहन्छौं । सरकारी बजेट पाएपछि गाउँलेहरूले हाम्रो वंश नै समाप्त गरिदिने हुन् कि भन्ने पीरले हामीले गाउँमा आक्रमण गरेका थियौँ । अब हाम्रो चेत खुल्यो, हामीलाई पनि न्याय गर्नुहोस् ।' बाँदरहरूको यस्तो याचनापछि युवाहरूले तिनलाई त्यत्तिकै माफी गर्नु उचित नहुने ठहर गरी जिल्ला प्रमुख अधिकारी, सरकारी वकिल, पशुअधिकारकर्मी र बाँदर नेताहरू समेतको रोहबरमा महत्त्वपूर्ण सम्झौता गरी केही नियमहरू पास गराए । सम्झौताअनुसार पशु विरुद्धको कारबाहीमा बाँदरलाई बोरामा हालेर पिट्ने, खुट्टा भाँची दिने, आँखा फुटाइदिने जस्ता आपराधिक कारबाही गर्न नपाइने, तर ढोल, ढ्याङ्ग्रो, टिन जस्ता सामग्री बजाएर अथवा टाढाबाट बन्दुक, पटका पड्काएर बाँदरलाई तर्साउन सकिने भयो, तर बाँदरको ज्यानै लिने गरी कारबाही गर्न भने नपाउने व्यवस्था भयो ।

तदनुप्रान्त बाँदरहरूले जङ्गलबाट निस्की बालीनाली नष्ट पारे त्यसलाई सामान्य सजाय गर्ने अधिकार गाउँलेहरूले पुन:पाए । सरोकारवालाहरू सबैको रोहबरमा पास भएको त्यस सम्झौता अनुसार राज्यद्वारा संरक्षित वन जङ्गलमा बस्ने जनावरहरूले मानव बस्तीमा कुनै हानी नोक्सानी पुर्याए सरकारले त्यसको शतप्रतिशत क्षतिपूर्ति दिनुपर्ने तर अरू वनजंगलमा बस्ने जानवरहरूबाट हुने यस्तो दुर्घटनाको कारणले कुनै नोक्सानी हुन गएमा त्यस्तो नोक्सानीको शतप्रतिशत क्षतिपूर्ति माग्नु भनेको किसानहरूको गैरजिम्मेवार प्रवृत्ति हो । सरकार मागी खाने भाँडो हो भने जस्तो सरकारसँग जुनसुकै नोक्सानीको क्षतिपूर्ति माग्ने प्रवृत्ति उचित होइन । यस्तो माग गर्नु अघि किसान जिम्मेवार हुनै पर्छ ।

बाँदरलाई दण्डित गर्ने अधिकार बाँदरबाट नै मानिसलाई प्रदत्त न्यायिक अधिकार भएको हुँदा गाउँलेहरूले बाँदर तर्साएर लखेट्न अब उप्रान्त सीमित सरकारी बजेट उपयोग गर्न पाउने कानुनी अधिकार प्राप्त गरे । त्यसपछि ती बाँदरहरू पनि जङ्गल पसे । युवाहरू फर्केर पलायन भएका गाउँलेहरूलाई बाँदरको यस्तो सन्देश दिए पछि उनीहरू पुन: आफ्नो गाउँ फर्के र गाउँमा पुनरुत्थान गर्न थाले ।

प्राकृतिक न्यायको सिद्धान्तका आधारमा मानिसले पनि आ-आफ्नो सुरक्षाको निम्ति आवश्यक व्यवस्था गरी जङ्गली बाँदरहरुसँग निषेधको राजनीति नगरी सहअस्तित्व कायम गरी बस्नुपर्ने भयो । स्वभावैले बाँदरले आफ्नो घर नबनाउने, तर लुकिछिपी मानिसले बनाएको संरचना भत्काउने र अन्नबाली चोर्ने हुँदा बाँदरसँगको यस्तो अस्वाभाविक सम्झौतालाई बाँदर सम्झौता भनिएको हो । यस्तो सम्झौता बारे प्रधानमन्त्रीका प्रवक्तासँग बुझ्दा तिनले भने, 'कतिपय मानिसहरू आफू परिश्रम नगर्ने अल्छी हुन्छन्, तर परिश्रमी र इमानदार मानिसको कमाइबाट ती बाँचेका हुन्छन् । आफू परिश्रम नगरी अरूको हानी नोक्सानी पुर्याउने खराब नियतका मानिससँगको सम्झौता पनि व्यवहारमा लागु हुन नसक्ता त्यस्तो सम्झौतालाई समेत बाँदर सम्झौता भन्न सकिन्छ ।'

*-साहित्यपोस्ट डटकम*

# नसर्ने रोग सम्बन्धी सचेतना फैलाउँदै जेसिज



**पाल्पा,** जेठ ९/पाल्पा जेसिजले विद्यालयमा पुगेर नसर्ने रोगबारे सचेतना फैलाउने कार्यलाई अगाडि बढाएको छ । तानसेन नगरपालिकाको प्राविधिक सहयोगमा जेसिजले नगर भित्रका विद्यालयमा पुगेर विद्यार्थीहरुलाई नसर्ने रोग सम्बन्धी सचेतना फैलाउन थालेको हो ।

उसले तानसेन- ५ बन्दिपोखरास्थित लक्ष्मी माविमा अध्ययनरत विद्यार्थीहरुलाई नसर्ने रोग मुख्य स्वास्थ्य समस्याका रुपमा देखा पर्दै गएकाले जीनवशैली, खानपान र रहन सहनबारे सचेत गराउन विद्यार्थीहरुमा सचेतना कार्यक्रम गरिएको जनाएको छ । विद्यार्थीहरुलाई नसर्ने रोगका प्रकार, लक्षण, बच्ने उपाय र मानसिक स्वास्थ्य समस्याबारे जानकारी दिएको छ । विद्यार्थीहरुले घर र समुदायमा गएर नसर्ने रोग बारे जानकारी गराउने छन् भन्ने उद्देश्य राखेर विद्यालयमा पुगेर सचेतनाका कार्यक्रम सञ्चालन गरिएको जेसिजका अध्यक्ष अर्जुन कार्कीले बताए । समाजमा नसर्ने रोगका बिरामी धेरै भए पनि कमै मात्रले रोग पत्ता लगाएर उपचार गराइरहेको र अन्तिम अवस्थामा जानकारी पाएर उपचारमा जाने भएकाले जेसिजले सचेतना फैलाउन थालेको उनको भनाई छ । 'दिन प्रतिदिन बिरामीको संख्या बढ्दै गएकाले हामीले सचेतना फैलाउन थालेका हों', उनले भने, 'हामीले नसर्ने रोग परीक्षणबारे स्वास्थ्य शिविर, जनचेतनामूलक कार्यक्रम, स्वास्थ्य संस्थाले समेत परामर्श दिने लगायतका कार्य गरिरहेका छौं ।' नसर्ने रोगमध्ये मुटुसम्बधी रोग, श्वासप्रश्वाससम्बन्धी रोग, फदयघात, मस्तिष्कघात, मधुमेह (चिनी रोग), दम, सिओपिडी र क्यान्सरको समस्या भएकाहरु दैनिक उपचारका लागि अस्पताल जाने गरेका छन् । जनचेतनाको अभाव तथा कतिपय अवस्थामा स्वास्थ्य सेवाको पहुँच नपुग्दा नसर्ने रोग लागेको समेत थाहा नपाई अकालमा ज्यान गुमाउने गरेको जेसिजले जनाएको छ ।

नसर्ने रोगबाट बच्न मानिसले रहनसहन, खानपान र जीवनशैलीमा सुधार गर्नुपर्ने प्रशिक्षक झबिन्द्र न्यौपानेले बताए । कार्यक्रममा विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष बालकृष्ण कार्की, विद्यालयका प्रधानाध्यापक बिष्णु प्रसाद सिग्देल, पाल्पा औषधी ब्यवसायी समितिका सचिव सचिन बिष्ट ,प्रशिक्षक झबिन्द्र न्यौपाने, चन्द्रतारा बस्याल, पाल्पा जेसिजका पूर्व अध्यक्ष तथा वर्तमान सल्लाहाकार जेसी पुर्णराज शाक्य, एनएलजि इन्स्योरेन्स कम्पनी पाल्पा शाखा प्रमुख प्रदिप पाण्डे जेसिजका काका उपाध्यक्ष जेसी गणेश पन्थी कानुनी सहल्लाहकार विवेककाजी शाक्य लगायतका व्यक्तिहरुको उपस्थिती रहेको थियो ।

# आज उभौली पर्व मनाइँदै



**पाल्पा,** जेठ ९/ प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन किराँत राई समुदायले मनाउने उभौली पर्व आज देशभर भूमेस्थानमा पूजा आराधना गरी मनाइँदै छ । बाली लगाउनुअघि गाउँगाउँमा रहेका भूमेस्थानमा राम्रोसँग काम होस् भनी प्रकृतिको पूजा आराधना गरिने यो पर्व मनाउने गरिन्छ ।

उभौलीलाई बालीनाली लगाउने र उधौलीलाई थन्क्याउने अवसरका रूपमा मनाइन्छ । प्रकृतिका पुजारी यस समुदायले पूर्णिमाका दिन अन्न बाली सप्रियोस्, राम्रो बाली लागोस्, पृथ्वीमा कहीं कतै खाद्यान्नको कमी नहोस् भन्दै यस उभौली पर्व मनाउँछन् । चण्डी नाच गरिने भएकाले आज चण्डी पूर्णिमा पनि भनिन्छ । चण्डी पूर्णिमा भन्नाले सुमनिमा अर्थात् पार्वतीको सृष्टि भएको दिन हो । त्यही भएर उभौलीका अवसरमा सांस्कृतिक महोत्सवका रूपमा यो पर्व मनाउने गरिन्छ । कृषि उन्मुख यी दुई यस्ता पर्वहरू छन्, जसले सम्पूर्णतया कृषि र बालीको जनाऊ दिने गर्छन् । यी दुई वटा पर्वहरूमा किरात समुदायले मनाउने उभौली र उधौली पर्व हुन् । उभौलीमा सुमनिमा र पारुहाङले सम्पूर्ण सृष्टि जगतको रक्षा गर्ने विश्वास गरिन्छ । बालीनालीका रक्षक तत्वहरू जस्तै कि प्रकृति, आवहवा, देवी-देवता र पृथ्वीको आज पूजा गरिन्छ । पारम्परिक भेष-भूषामा सजिएका किराँती समुदायको गोलबन्द हुँदै पुरुष-महिला सँगै नाचेको अत्यन्त रसिक माहौल यसपालि कमै देखन पाइनेछ । अनि पुरुषहरू लेकाली कोट, दौरा-सुरुवाल लगाउने, बुकी-फूल सिउरिने र नेपाली टोपी लगाएर खुकुरी भिरेर नाच्छन् भने महिलाहरूले कम्मरमा पटुकी बाँधेर चौबन्दी चोली र छिटको फरिया लगाउने र पहेँला गरगहनासहित सजिएर नाच्ने चलन छ । हातमा चौंरीको पुच्छर, चमर, सिल्लिमो, पोमी र सिम्कौली सेउली हल्लाउँदै सोई ढोले सोई अर्को ढोले खोई भन्दै नाच्दा त माहौल नै अर्को हुन्छ । यसरी नाच्दा स्याउला, ढोल, झ्याम्टा, बिनायो तथा हारी जस्ता बाजाहरू बजाउँदै अनि विभिन्न कृषि कार्य गरेझैं जस्तै धान काटेको, दाउनी गरेको जस्तो मुद्रामा नाचिन्छ ।

## खेलकुद समाचार

# कोलकाता आईपीएलको फाइनलमा



**काठमाडौं** जेठ ९/कोलकाता नाइट्स राइडर्स इन्डियन प्रिमियर लिग 'आईपीएल'को फाइनलमा प्रवेश गरेको छ । पहिलो क्वालिफायरमा सनराईजर्स हैदराबादलाई ८ विकेटले पराजित गर्दै कोलकाता फाइनल प्रवेश गरेको हो । पहिले ब्याटिङ गरेको हैदराबादले दिएको १६० रनको लक्ष्य कोलकाताले १३.४ ओभरमै मात्र २ विकेटको क्षतिमा पूरा गर्‍यो ।

कोलकाताका कप्तान श्रेयस ऐयरले सर्वाधिक ५८, वेंकटेश ऐयरले ५१ रन, ओपनर रहमनुल्लाह गुरबाजले २३ र सुनिल नरिनले २१ रन जोडे ।

हैदराबादका कप्तान प्याट कमिन्स र नटराजनले समान एक/एक विकेट लिए । पहिले ब्याटिङ गरेको हैदराबादले १९.३ ओभरमा सबै विकेट गुमाएर १५९ रन बनाएको थियो । हैदराबादका राहुल त्रिपाठीले ५५, हेनरिच क्लासनले ३२, प्याट कमिन्सले ३० रन बनाए । अन्य ब्याटर भने चल्न सकेनन् ।


कोलकाताका मिचेल स्टार्कले तीन, वरुण चक्रवर्तीले दुई विकेट, वैभव अरोरा, हर्षित राना, आन्द्रे रसेल र सुनिल नरिनले एक/एक विकेट लिए ।

पराजित भए पनि हैदराबादलाई फाइनल प्रवेशका लागि अझै एक अवसर छ ।
हैदराबादले राजस्थान रोयल्स र बेंगलुरबीच हुने एलिमिनेटरको विजेतासँग दोस्रो क्वालिफायर खेल्नेछ । एलिमिनेटर खेल आज हुँदैछ भने क्वालिफायर शुक्रबार हुँदैछ । आईपीएलको फाइनल खेल आइतबार हुनेछ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# सेयर बजार वृद्धिमा निरन्तरता



**पाल्पा,** जेठ ९/कारोबार दिनदेखि सेयर बजारको वृद्धिमा निरन्तरता देखिएको छ । बुधबार बजारको परिसूचक नेप्से १५.५४ अंक बढेर २ हजार १ एक ३१ मा पुग्यो । नेप्से परिसूचकसँगै कारोबार रकम पनि बढेको छ । अघिल्लो दिन ५ अर्ब २० करोडको कारोबार भएकोमा बुधबार ५ अर्ब ६८ करोडको भयो । नेप्से बढे पनि अधिकांश १ सय ६१ कम्पनीको मूल्य घट्यो । ८१ को बढ्यो भने ५ कम्पनी स्थिर रहे ।

बैंकिङ समूह नै सबैभन्दा धेरै ४.२३ प्रतिशत बढेको छ । बैंकिङका अलवा विकास बैंक ०.३३, होटल तथा पर्यटन १.९० प्रतिशत बढे । ब्यापार ०.०३, अन्य ०.६१, निर्जीवन बीमा ०.६०, माइक्रोफाइनान्स १.१, उत्पादन ०.१५, जीवन बीमा ०.५९, हाइड्रोपावर ०.८८ र फाइनान्स समूह १.३४ प्रतिशत घटे । सामुदायिक लघुवित्त र बुद्धभूमि हाइड्रोपावरको मूल्य १० प्रतिशत बढ्यो । एनएमबी बैंकको ८.४, कृषि विकासको ७ तथा नबिल बैंकको ६.८८ प्रतिशत मूल्य बढ्यो । मानुषी लघुवित्तको ८, मध्यभोटेकोशीको ६.६, समाज लघुवित्तको ५.३, पिपुल्स पावरको ४.८, रिभरफल्स पावरको ४.७ प्रतिशत मूल्य घट्यो । कारोबार रकमका आधारमा नेरुडे मिर्मिरे लघुवित्त, पोखरा फाइनान्स, सीईडीबी हाइड्रोपावर, फर्स्ट माइक्रोफाइनान्स र नबिल बैंक क्रमशः अगाडि रहे ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## बक्यौता महशुल बारे अत्यन्त जरुरी सूचना

प्रस्तुत विषयमा यस तानसेन खानेपानी उपभोक्ता समितिबाट धारा जडान गरी खानेपानीको आपूर्ति नियमित प्राप्त गरिरहनुभएका केही उपभोक्ताहरुबाट नियमित खानेपानी महशुल नबुझाउनु भएकोले बुझाउनको लागि गत मिति २०८०/१०/०३ र २०८०/११/२० मा पटक-पटक पत्राचार गरिएको तर महशुल भुक्तान गर्न नआएकाले उपभोक्ता समितिको मिति २०८१ बैशाख २६ गते बसेको कार्य समितिको बैठकले अन्तिम एक पटकको लागि आगामी जेष्ठ २५ गतेसम्म बक्यौता महशुल भुक्तानी गर्न उपभोक्ताहरु माझ यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समय भित्र बक्यौता महशुल भुक्तानी गर्न नआएमा नियमानुसार धाराको लाइन बन्द गरिने पनि सूचित गरिन्छ ।

**अनुरोधक**
तानसेन खानेपानी उपभोक्ता समिति
तानसेन, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई